मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र २८ गते शुक्रबार ❑ 13 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## प्रधानमन्त्रीमा सुशीला कार्की

**रासस**
काठमाडौं, २७ भाद्र

राष्ट्रपति रामचन्द्र पौडेलले अन्तरिम सरकारका लागि नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीलाई प्रधानमन्त्री पदको शपथ गराउनुभएको छ।

राष्ट्रपति भवन शीतलनिवासमा शुक्रबार राति अबेर आयोजित विशेष समारोहमा राष्ट्रपतिसमक्ष उहाँले पद तथा गोपनियताको शपथ लिनुभएको हो । राष्ट्रपति पौडेलले विषम र असाधारण परिस्थितिमा युवा पुस्ताद्वारा प्रकट गरिएको माग र आकाङ्क्षाअनुसार राजनीतिक दल र सरोकारवालासँगको परामर्शमा उहाँलाई नियुक्ति गर्नुभएको हो।

राष्ट्रपति पौडेलबाट नेपालको संविधानबमोजिम राष्ट्रपतिमा निहित अधिकार प्रयोग गरी संविधानको पालना र संरक्षण एवं राष्ट्रिय एकताको प्रवर्द्धन गर्न आवश्यक भएकाले राष्ट्राध्यक्षको हैसियतले प्रधानमन्त्रीको सिफारिसमा छ महिनाभित्र अर्को निर्वाचन



सम्पन्न गराउनेगरी अन्तरिम सरकारको प्रधानमन्त्रीमा उहाँलाई नियुक्त गरिएको हो । शपथग्रहण समारोहमा उपराष्ट्रपति, प्रधानन्यायाधीश, नेपाल सरकारका उच्चपदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुख, नेपालस्थित कूटनीतिक नियोगका प्रतिनिधि उपस्थित हुनुहुन्थ्यो । जेनजीले उठाएका मागका विषयमा सहमति जुटेसँगै पूर्वप्रधानन्यायाधीश कार्की प्रधानमन्त्रीमा नियुक्त हुनुभएको हो । नवनियुक्त प्रधानमन्त्रीले सानो मन्त्रिमण्डल गठन गर्ने र उक्त मन्त्रिमण्डलले गर्ने सिफारिसका आधारमा सरकारका प्राथमिकताका थप काम अघि बढाइनेछ । जेनजीले मुलुकमा सुशासन, नयाँ पुस्ताको नेतृत्व र निष्क्रिय तुल्याइएको सामाजिक सञ्जालको सञ्चालनको माग राख्दै आयोजना गरिएको प्रदर्शनी र त्यसपछिका घटनामा ठूलो जनधनको क्षति भएको थियो।

उक्त घटनापछि तत्कालीन सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि उक्त आन्दोलनको मागअनुरूप पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा नयाँ सरकार गठन गरिएको हो। मुलुकमा अचानक बदलिएको राजनीतिक परिस्थिति र अन्योलको वातावरणमा नेपाली सेनाको पहलमा क्रमशः कानुनी राज्य र अमनचयन कायम गर्दै वार्ता र संवादका माध्यमबाट नयाँ सरकार गठनमा सफलता मिलेको हो। सेनाले इतिहासदेखि नै प्राप्त जिम्मेवारीलाई संविधानसम्मत ढङ्गबाट प्रजातान्त्रिक-मूल्य मान्यताका आधारमा जिम्मेवारी बहन गर्दै आएको छ । निकै जटिलपूर्ण अवस्थामा संयम भई छोटो समयमा परिस्थितिलाई सहज रूपमा अवतरण गराउन सफल भएको छ।

नेपालको पहिलो महिला प्रधानन्यायाधीश कार्की कार्यपालिका प्रमुख अर्थात् पहिलो महिला प्रधानमन्त्री बन्न सफल हुनुभयो । यसअघि उहाँ लामो समयसम्म वकालत गर्दै सर्वोच्च अदालतको न्यायाधीश हुँदै उहाँ प्रधानन्यायाधीश हुनुभयो । न्यायालयभित्र प्रष्ट विचार, खरो स्वभाव र इमान्दार छवि बनाउनुभएकी उहाँको नेतृत्वको सरकारले प्राप्त समयावधिभित्र स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन गराई नयाँ सरकारलाई सत्ता हस्तान्तरण गर्ने छ।

## कास्की कारागारका कैदीबन्दीहरु फर्किन थाले

**पोखरापत्र संवाददाता**
पोखरा, २७ भाद्र

कास्की कारागारका कैदीबन्दीहरु फुनः फर्किन थालेका छन् । जेनजी आन्दोलनको क्रममा मंगलबार कारागार पुगेका प्रदर्शनकारीले तोडफोडगरेपछिकारागारप्रशासनले चाबी खोलिदिएसंगै भागेका कैदीबन्दीहरु पुनः शुक्रबार देखि कारागारमा फर्किन थालेका हुन्।

शुक्रबार दिउँसो ३:०० बजेसम्म ४० जना कैदीबन्दी कास्की कारागारमा आएको कास्की कारागारका जेलर राजेन्द्र शर्माले बताउनु भयो । आफुहरुसंगै करिब २ सय जना प्रत्यक्ष सम्पर्कमा रहेर कारागारमा आउदै गरेको खबर समेत गरेको उहाँले जनाउनु भयो। ३५ जना महिला, २ जना नावालक र ७ सय ३८ जना पुरुष सहित ७ सय ७३ जना कैदीबन्दी कास्की



कारागारबाट बाहिर निस्केको कारागार प्रशुानले जनाएको छ।

प्रदर्शनकारीको दबाब थेग्न नसेकपछि चाबी खोलेर कैदीबन्दीलाई छाड्नुपरेको कास्की कारागारका जेलर शर्माले जनाउनु भयो । कारागारबाट धैरै कैदीबन्दी झोला बोकेर निस्किनु भएको थियो भने उहाँहरु केहीले आफ्नो सामान सहित फर्किनु भएको छ। कास्की कारागार भित्रको टेलिभिजन सहितका महत्वपूर्ण सामान चोरी भएको छ भने केही सामान सहितको डकुमेन्टहरु आगजनी भएको जेलर शर्माले जनाउनु भयो। तत्कालिन परिवेशले गर्दा हिडेको भन्दै केही कैदीबन्दी आउन थालेका छन्।

कुनै समुहले कैदीबन्दीले निर्माण गरेका मुडा समेत चोरी गरेका थिए भने उहाँहरु बसेको कोठाबाट रकम समेत चोरी गरेको कैदीबन्दीले गुनासो गर्नुभयो । मंगलबार साँढे साँत बजे कारागारमा तोडफोड भएको थियो। त्यहाबाट बाहिर निस्केका कैदीबन्दीलाई स्वतस्फुर्त ढंगले कारागारमा आउन कारागार प्रशासनले आव्हान गरेको छ।

## पोखरामा साँझ ७ बजेदेखि कर्फ्यू आदेश जारी

**पोखरापत्र संवाददाता**
पोखरा, २७ भाद्र

पोखरा महानगर क्षेत्रभित्र शुक्रबार साँझ ७ बजेदेखि शनिबार बिहान ५ बजेसम्म कर्फ्यू आदेश जारी गरिएको छ।

जिल्ला प्रशासन कार्यालय कास्कीले एक सूचना जारी गरी पोखराको वडा नं १ देखि ३३ वडासम्मका सम्पूर्ण क्षेत्रहरूमा सो आदेश गरिएको जनाएको हो । पोखरामा शुक्रबार बिहानदेखि बेलुकासम्म निषेधाज्ञा जारी गरिएको थियो । वर्तमान अवस्थामा देखिएको घटनाक्रमबाट हुन सक्ने विरोध, प्रदर्शन, तोडफोड, हुलदङ्गाका कारण शान्ति सुव्यवस्थालाई मध्येनजर गर्दै सो आदेश गरिएको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले बताउनुभयो।

आदेश जारी गरिएको सम्पूर्ण क्षेत्रहरूमा कसैले आवतजावत गर्न, कुनै प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने उहाँले जानकारी दिनुभयो । कर्फ्युका अवधिमा एम्बुलेन्स, शववाहन, दमकल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मीका सवारीसाधन भने सञ्चालन गर्न पाइनेछ। यसैगरी भदौ २८ गते बिहान ५ बजेदेखि बिहान १० बजेसम्म अत्यावश्यक कार्यका लागि आवतजावत गर्न सकिने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## निडर स्वभाव र सरल जीवनशैलीकी नवनियुक्त पहिलो महिला प्रधानमन्त्री कार्की

**रासस**
काठमाडौं, २७ भाद्र

पहिलो महिला प्रधानमन्त्रीमा नियुक्त भएर सुशीला कार्कीले नेपालको इतिहासमा नयाँ कीर्तिमान राख्नुभएको छ।

सर्वोच्च अदालतको पहिलो महिला प्रधानन्यायाधीश भएर इतिहास रच्नुभएकी नवनियुक्त प्रधानमन्त्री कार्की देशको पहिलो कार्यकारी प्रमुख बन्न सफल हुनुभएको हो।

जेनजी समूहको आन्दोलनको मागअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले विषम र असाधारण परिस्थितिमा युवा पुस्ताद्वारा प्रकट गरिएको माग र आकाङ्क्षाबमोजिम राजनीतिक दल र सरोकारवालासँगको परामर्शमा उहाँलाई प्रधानमन्त्रीमा नियुक्ति गर्नुभएको हो।

प्रधानमन्त्री कार्कीको



जन्म विसं २००९ जेठ २५ गते शंखपुर-३ विराटनगरमा भएको हो। उहाँले महेन्द्र मोरङ कलेज विराटनगरबाट विसं २०२८ बिए र बनारस हिन्दू विश्वविद्यालयबाट २०३१ सालमा राजनीतिशास्त्रमा एमए गर्नुभएको छ।

विसं २०३४ मा त्रिभुवन विश्वविद्यालयबाट कानुनमा स्नातक गरी अधिवक्ताका रूपमा उहाँले विसं २०३५ चैत्र १६ गतेदेखि कानुन व्यवसाय सुरु गर्नुभएको थियो । उहाँले विसं २०४२ देखि तीन वर्ष महेन्द्र बहुमुखी क्याम्पस धरानमा अध्यापनसमेत गर्नुभयो।

विसं २०४५ देखि २०४७ सालसम्म उहाँले कोशी अञ्चल बारको अध्यक्ष तथा विसं २०५९ देखि २०६१ सालसम्म विराटनगर पुनरावेदन बारको अध्यक्ष बन्नुभयो। विसं २०६१ पुस ५ गते उहाँले वरिष्ठ अधिवक्ताको उपाधि प्राप्त गर्नुभएको थियो।

त्यस्तै, २०६५ माघ ९ गते उहाँ सर्वोच्च अदालतको अस्थायी न्यायाधीशमा नियुक्त हुनुभयो। विसं २०६७ मङ्सिर २ गते सर्वोच्च अदालतको स्थायी न्यायाधीश बन्नुभयो।

संयुक्त राज्य अमेरिका, बेलायत, श्रीलङ्का, जापान, चीन, भारत, तान्जिनिया र नेदरल्याण्डलगायत देशको भ्रमण गरिसक्नुभएकी उहाँ नेपाली, अङ्ग्रेजी र हिन्दी भाषामा निपुण हुनुहुन्छ। निडर स्वभाव र सरल जीवनशैली उहाँको पहिचान हो। उहाँले प्रधानन्यायाधीशका रूपमा १४ महिना जिम्मेवारी सम्हाल्नुभएको थियो।

## संविधान रक्षाका लागि एकजुट हुन कास्की काँग्रेको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २७ भाद्र

नेपाली काँग्रेस कास्कीको बैठक बसेको छ। जेन जीको आन्दोलन पछिको अवस्था बारे छलफल गर्न बैठक बसेको हो।

कास्की काँग्रेसका कार्यवाहक सभापति रामबाबु भण्डारीको अध्यक्षतामा पार्टीका केन्द्रीय सदस्य गुरु बराल, शारदा पौडेल, जिल्ला पदाधिकारी, क्षेत्र, प्रदेश, पालिका सभापतिहरुको बैठक बसेको सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो। 'पछिल्लो अवस्थाका बारेमा गम्भिर छलफल भयो, प्रवक्ता सिग्देलले भन्नुभयो, 'संविधान रक्षाका लागि पार्टीले निर्वाह गर्नुपर्ने भूमिका र आवश्यक तयारी बारे छलफल भएको छ।' बैठकले पार्टी सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, केन्द्रीय सदस्य एवं निवर्तमान परराष्ट्र मन्त्री डा आरजु देउवा राणामाथि भएको सांघातिक आक्रमण सहित उहाँहरु लगायतका नेताको घर, सार्वजनिक तथा निजी सम्पत्तिमा भएका आगजनी र तोडफोडको निन्दा गर्दै घाइते सबैको शिघ्र स्वास्थ्यलाभको कामना गरेको छ। बैठकले आन्दोलनका क्रममा दिवंगत हुनु भएका जेएन जीका युवाहरु, सर्वसाधारण र सुरक्षाकर्मीहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेको छ।

बैठकले आफ्ना साथीहरुलाई विचलित नहुन आग्रह गर्दै संविधानको रक्षार्थ एकजुट हुन आग्रह गरेको छ। बैठक लगत्तै संविधान रक्षाका लागि एकजुट हुन आग्रह गर्दै पार्टी कार्यालयदेखी वीपी चोकसम्म प्रदर्शन गरिएको प्रवत्ता सिग्देलले जानकारी दिनुभयो।




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखराका व्यावसायिक संघ संस्थाको अनुरोध 'व्यावसायिक वातावरण बनाऊ, सुरक्षा देऊ'

**पोखरापत्र संवाददाता**
पोखरा, २७ भाद्र

पोखरा उद्योग वाणिज्य संघ तथा सोसँग आवद्ध बस्तुगत संघ/संस्थाहरुले वर्तमानमा देखिएको गतिरोध अत्यको पहलको लागि सरोकारवाला संस्थाहरुको ध्यानाकर्षण गराएका छन् ।

ती व्यावसायिक संघ/संस्थाहरुले देशले थप अराजकता र हिंसा थेग्न नसक्ने तथ्यको मनन गर्दै देशलाई कानूनी शासनको बाटोमा डोहोऱ्याउन माग पनि गरेका छन् ।

ती संघ/संस्थाको तर्फबाट शुक्रबार जारी संयुक्त अपिलमा संवैधानिक संस्थाहरुबाट गतिरोध अन्त्यको लागि भएको पहलको प्रशंसा गर्दै सहमतिको मार्गमा प्रवेश गर्न ढिला नगर्न र स्थायी शान्तिका निम्ति सवै पक्षबाट सामूहिक प्रतिवद्धताका निम्ति अनुरोध पनि गरिएको छ ।

अपिलमा संक्रमणकालको तत्काल अन्त्य तथा शान्ति सुरक्षा बहालीको माग गरिएको छ । अपिलमा भनिएको छ,' संक्रमणकाल लम्बिँदा अराजकता र अस्थिरता चाहने समूहहरु जुर्मुराउँछन् । स्वार्थ समूह र आपराधिक चरित्रका व्यक्तिहरु हावी हुन खोज्छन् । त्यस्तो प्रवृत्ति कार्यपालिकाको क्रियाशिलता एवं मजबुत सुरक्षा व्यवस्थापले मात्र निरुत्साहित हुन्छ ।' नेपालको निजी क्षेत्र सदैव आत्मनिर्भर अर्थतन्त्र निर्माणका निम्ति उद्योग/व्यवसायको संचालन एवं युवाहरुलाई रोजगारीको अवसर सिर्जना गर्न उद्यत रहेको बताउँदै संयुक्त अपिलमा भनिएको छ,' निजी क्षेत्रको मनोवल नउकासिएसम्म,लगानीको लागि उचित वातावरण र शान्ति सुरक्षा प्रदान नगरेसम्म त्यो अवस्था आउँदैन भन्नेमा सरोकारवालाहरुको ध्यानाकर्षण गराउन चाहन्छौं ।

अपिलमा जेनजी पुस्ताको अगुवाइमा भदौ २३ गतेबाट सुरु भएको आन्दोलन र सो उपक्रममा भएको ठूलो जनधनको क्षतिले हामीलाई स्तब्ध उल्लेख गर्दै सुशासन र समृद्धिका निम्ति ज्यानको आहूति दिने होनाहार नवयुवाप्रति श्रद्धाञ्जली तथा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना पनि गरिएको छ ।

जेनजी आन्दोलनले सुशासन र समृद्धिका निम्ति भए पनि आन्दोलनको क्रममा सार्वजनिक र निजी सम्पत्तिमाथि भएको आगजनी,तोडफोड र लुटपाटका घटनाले भने समृद्धिको यात्रा कठीन बनाएको पनि अपिलमा उल्लेख छ । 'व्यावसायिक प्रतिष्ठानमा भएको आक्रमणले व्यक्तिको सम्पत्तिमाथिको अधिकारको हननमात्र गरेको छैन, राज्यलाई कर तिर्ने तथा रोजगारी सिर्जना गर्ने उद्योगी/व्यवसायीलाई निराश तुल्याएको छ,'अपिलमा भनिएको छ,' हामी आन्दोलनको क्रममा भएको तोडफोड,आगजनी र लुटपाटका घटनाहरुको घोर निन्दा गर्दै जेनजी आन्दोलनमा भएको घुसपैठको स्वतन्त्र छानबिन गरी आपराधिक क्रियाकलापमा संलग्नहरुलाई कडा कारवाही एवं उचित क्षतिपूर्तिको माग पनि गर्दछौं ।' आन्दोलनको क्रममा अरबौंको सार्वजनिक तथा निजी सम्पत्ति नष्ट भएको उल्लेख गर्दै अपिलमा प्रशासनबाट जारी सूचना र आदेशहरु पालना गर्न निजी क्षेत्रलाई आह्वान गर्दै भनिएको छ,'प्रशासनबाट जारी सम्पूर्ण सूचनाहरुको पालना गर्दै आफ्नो र उद्योग/व्यवसायको सुरक्षा प्रबन्ध मिलाउन उद्योगी/व्यवसायीहरुसँग आग्रह गर्दछौं भने आपराधिक क्रियाकलाप रोक्नकानिम्ति प्रशासनले अझ क्रियाशिलता देखाओस् भन्ने माग गर्दछौं । साथै व्यावसायिक सुरक्षाकानिम्ति सम्पूर्ण व्यवसायीहरु सतर्क र एकजुट हुनसमेत हार्दिक अपिल गर्दछौं ।' पोखरा उद्योग वाणिज्य संघका महासचिव शोभा गौतम,अधिकृत बिक्रेता संघ कास्कीका अध्यक्ष मनोजकुमार श्रेष्ठ,कपडा व्यवसायी एसोसियसनका अध्यक्ष लेखनाथ पौडेल, पोखरा इलेक्ट्रोनिक्स तथा मोवाइल व्यवसायी संघ, कास्कीका अध्यक्ष चिन्तामणि खरेल, कास्की पोखरा हस्तकला संघका अध्यक्ष सीता गुरुङ, पोखरा भाँडा व्यवसायी संघ कास्की अध्यक्ष लक्ष्मीप्रसाद अधिकारी, कस्मेटिक व्यवसायी संघ कास्कीका अध्यक्ष लक्ष्मणप्रसाद आचार्य,पोखरा प्लाष्टिक व्यवसायी समितिका अध्यक्ष पर्शुराम तिवारी,जुत्ता व्यवसायी संघ कास्कीका अध्यक्ष हेमकृष्ण श्रेष्ठ, पोखरा हार्डवयर एशोसिएसन, कास्की अध्यक्ष अर्जुनबहादुर थापा,फेन्सी तथा रेडिमेड व्यवसायी संघ कास्कीका अध्यक्ष यादवप्रसाद पोखरेल,सुनचाँदी व्यवसायी संघ कास्की अध्यक्ष भविन्द्र विश्वकर्मा, पोखरा इलेक्ट्रिक क्लबका अध्यक्ष अमृत पोखरेल, मदिरा व्यवसायी समिति कास्की बरिष्ठ उपाध्यक्ष नेत्र ढुङ्गाना, थोक व्यवसायी संघ पोखराका महासचिव शम्भुनाथ योगीद्वारा हस्ताक्षरित तथा पोखराका ३० वटा व्यावसायिक संघ/संस्थाको तर्फबाट जारी अपिलमा आन्दोलनको नेतृत्व गरेको जेनजी पुस्तालाई संयमपूर्ण, रचनात्मक र जिम्मेवार बन्दै अराजकता र अवान्छित गतिविधिहरु रोक्नका निम्ति सक्रिय बन्नका लागि अनुरोध पनि गरिएको छ ।



तोडफोडका क्रममा हराएका सामान फिर्ता गरिँदै : पोखरा महानगरपालिका-६ बुलौदीमा 'जेनजी' आन्दोलनमा सरकारी कार्यालयमा भएको तोडफोडका क्रममा हराएका सामानहरू फिर्ता लिँदै कास्की प्रहरी । तस्बिरः युनिश गुरुङ/रासस

# होटल क्षेत्रमा मात्र तीन अर्ब रुपैयाँ क्षति

**पोखरापत्र संवाददाता**
पोखरा, २७ भाद्र

हालै भएको जेन-जी आन्दोलनपछिका हिंसात्मक घटनाको क्रममा पोखराका होटल तथा रिसोर्ट लगायतका क्षेत्रमा भएको आक्रमणको क्रममा तीन अर्ब रुपैयाँ बढीको सम्पत्ती नोक्सानी भएको प्रारम्भिक आँकडा सार्वजनिक गरिएको छ ।

होटल संघ पोखरा नेपालका तर्फबाट अध्यक्ष लक्ष्मण सुवेदीले शुक्रबार जारी गरेको विज्ञप्तिमा आक्रमणको क्रममा तोडफोड तथा आगजनी हुँदा सो परिमाण बराबरको क्षति भएको उल्लेख गरिएको हो ।

विज्ञप्तिमा भनिएको छ, यस प्रकार पर्यटकीय प्रतिष्ठान माथि भएका घटनाको निष्पक्ष छानविन गरी उचित क्षतिपूर्ति दिलाउन सरकार लगायत इन्सुरेन्स कम्पनी र सम्वन्धित सरोकारवाला पक्षसँग संघ हार्दिक अपिल गर्न चाहन्छ । यसका लागि शक्तिशाली अधिकार प्राप्त न्यायिक समिति गठन र आक्रमणकारीको पहिचान गरी कारबाही सहित उचित क्षतिपूर्ति दिलाई प्रभावित होटलहरूको मर्मत-संभार तथा पुनर्निर्माणका लागि सरकार, इन्स्योरेन्स, बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गर्ने कार्यमा सदैव साथ र सहयोग रहने विश्वास समेत संघले दिलाएको छ ।

पोखराको लेकसाइड क्षेत्रमा खासगरी होटल सरोवर प्रा. लि., होटल एड्म, होटल पोखरा गुडविल प्रा.लि., वर पिपल रिसोर्ट प्रा.लि, बगैंचा रिसोर्ट एण्ड स्पाः प्रा.लि लगायत अन्य प्रतिष्ठानहरुमा गरिएको आगजनीका कारण प्रतिष्ठानबाट सेवा लिँदै गरेका पर्यटक समेत प्रभावित हुन पुगेको संघले जनाएको छ । पर्यटकीय सिजन सुरु हुनै लाग्दा भएको यस प्रकारको दुःखद घटनाबाट पर्यटन क्षेत्रमा प्रत्यक्ष रुपमा नकारात्मक प्रभाव पर्ने संघको ठहर छ । यसका कारण बैंक तथा वित्तीय संस्थामा रहेको कर्जा, ऋण तिर्न पनि व्यवसायीहरु असमर्थ हुने अवस्था आएको जनाउँदै संघले व्यवसायीक सुरक्षा कायम राख्न नेपाल सरकार सँग जोडदार माग गरेको छ ।

आक्रमणका घटनाप्रति दुःख व्यक्त गर्दै संघले पीडित व्यवसायीप्रति सहानुभूति प्रकट समेत गरेको छ । शान्तिपूर्ण भनिएको आन्दोलनको क्रममा जुनसुकै पक्षबाट भए पनि पर्यटकीय प्रतिष्ठानहरुमाथि गरिएको आगजनी र तोडफोडका घटना भर्त्सनायोग्य रहेको संघले जनाएको छ। आगजनी र तोडफोडका कारण अरबौंको क्षती हुनुका साथै हजारौं कामदार समेत प्रत्यक्ष प्रभावित भएकोमा संघले चिन्ता प्रकट गरेको छ ।

# फोहोरबाट मोहोर बनाउँदै राप्ती, पोखरा महानगरले सिकाइलाई नीतिगत अभ्यासमा उतार्ने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, २७ भाद्र

"फोहोर फाल्ने होइन, व्यवस्थापन गर्ने हो यसलाई आम्दानीको स्रोतमा बदल्न सकिन्छ," भन्ने दृष्टिकोणसहित पोखरा महानगरपालिकाले दाङको राप्ती गाउँपालिकामा रहेको सरसफाई व्यवस्थापन तथा स्रोत केन्द्रको अवलोकन गरेको छ ।

पोखरा महानगरपालिका, KOICA र UNDP को सहयोगमा सञ्चालित Green Job Creation Through Recycling and Upcycling Pokhara (GCRUP) परियोजनाअन्तर्गत दिगो फोहोर व्यवस्थापन र रिसाइकलिङ-अपसाइकलिङ प्रवर्द्धन गर्ने उद्देश्यले उक्त सिकाइ भ्रमण गरिएको हो ।



राप्ती गाउँपालिकाले Low-value Plastic (LVP) व्यवस्थापनमा नयाँ मोडल सुरु गरेको छ। यस अन्तर्गत घर-परिवार र व्यवसायबाट संकलित बहुपरत प्याकेजिङ, झोला र पातलो लचिलो प्लास्टिक छुट्याएर ल्याइन्छ। संकलित फोहोरलाई कम्पोस्ट, कंक्रिट ब्लक, टायल र अन्य स्थानीय उत्पादनमा पुनःउपयोग गरी प्रदूषण घटाउने, स्थानीय उत्पादन बढाउने र रोजगार सिर्जना गर्ने काम भइरहेको छ । पोखरामा पनि यस्ता फोहोर धेरै छन् र राप्तीको मोडललाई आधार बनाएर त्यहाँ लागू गर्न सकिने विश्वास गरिएको छ। यस अभ्यासले मानिसहरूमा फोहोर जथाभावी नफाल्ने चेतना फैलाउन पनि सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

राप्ती गाउँपालिका-२ पुण्यपुर स्थित स्रोत केन्द्रमा प्रारम्भमा स्थानीयवासीलाई फोहोर छुट्याएर ल्याउन प्रेरित गर्न कठिनाइ भएको तर निरन्तर प्रयासपछि गाउँपालिकाले ' जिरो वेस्टेज' अभियानलाई सार्थक बनाएको ईको फ्यामिली प्राइभेट लिमिटेडका सुपरभाइजर लालबहादुर चौधरीले बताए। उनका अनुसार अहिले केन्द्रमा दुईवटा मेसिनमार्फत कम्पोस्ट उत्पादनदेखि प्लास्टिक र अन्य फोहोरबाट टायल तथा ब्लक उत्पादन भइरहेको छ। बजारमा माग बढ्दो क्रममा रहेकाले दैनिक ५०० भन्दा बढी ब्लक र टायल उत्पादन हुँदाहुँदै पनि माग धान्न नसक्ने अवस्था आएको उनले जानकारी दिए । यसैबीच वडा नं २ का अध्यक्ष तथा राप्ती गाउँपालिकाका प्रवक्ता पहलवान चौधरीले फोहोर व्यवस्थापनलाई महिला सशक्तिकरणसँग पनि जोडिएको बताए। उनका अनुसार गाउँपालिकाले घरायसी फोहोर संकलनमा शुल्क प्रणाली लागू गरेको छ । सामान्य परिवारबाट २५ रुपैयाँ, पसलबाट ५० रुपैयाँ र होटल/रिसोर्टबाट १५० रुपैयाँ उठाइएको शुल्क टोल विकास समितिमार्फत संकलन गरी त्यसैको २० प्रतिशत समिति स्वयंले प्रयोग गर्ने व्यवस्था गरिएको छ। उनले फोहोरलाई आयआर्जनको स्रोत बनाउँदै 'नो वेस्ट म्यानेजमेन्ट' मोडलमा अगाडि बढिरहेको जनाए। केन्द्रले उत्पादन गर्ने कंक्रिट ब्लक र टायल बाहिरी कच्चा पदार्थ प्रयोग नगरी फोहोरमै आधारित हुने भएकाले उत्पादन लागत न्यून छ। तर हाल नेपालकै दीर्घकालीन समस्या बनेको 'लाइनको अभाव'ले उत्पादन विस्तारमा चुनौती भइरहेको र थप मेसिन र प्रविधि आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन् । पोखरा महानगरपालिका प्रशासन शाखाका उपसचिव तथा सूचना अधिकारी कृष्णप्रसाद तिवारीले राप्ती गाउँपालिकामा देखिएको प्रविधि र अभ्यास पोखरामै प्रयोग गर्न सकिने उल्लेख गरे । उनका अनुसार फोहोरबाट उत्पादन गरिएका टायल र ब्लकहरू महानगरका सडक, पार्क र सार्वजनिक संरचनामा प्रयोग गर्दा महानगरपालिकाको खर्च बचत हुने र फोहोर व्यवस्थापनमा टेवा पुग्नेछ। यस सिकाइ भ्रमणलाई महत्वपूर्ण बताउँदै पोखरा महानगरपालिका वन, वातावरण तथा अनुसन्धान शाखाका प्रमुख बलराम पाठकले पोखरामा समेत टोल विकास संस्था र आमा समूहहरूसँग मिलेर यस्तै मोडल कार्यान्वयन गर्ने योजनामा रहेको जानकारी दिए।

राप्ती गाउँपालिकामा देखिएको फोहोर व्यवस्थापन मोडलले केवल सरसफाइमै योगदान गरेको छैन, स्थानीय श्रमिकलाई बीमा, स्वास्थ्य सुविधा र रोजगारीको अवसर समेत प्रदान गर्दै आएको छ । फोहोरलाई बोझ होइन, सम्भावना ठान्ने दृष्टिकोणसहित सुरु गरिएको अभ्याससले बिस्तारै 'फोहोरलाई मोहोर'मा बदल्ने ठोस उदाहरण प्रस्तुत गरेको छ ।

# लुटपाट गरिएका सामान फिर्ता गर्न कास्की प्रशासनको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २७ भाद्र

जिल्ला प्रशासन कार्यालय कास्कीले जेनजीको प्रदर्शनका क्रममा सार्वजनिक निकाय तथा निजी सम्पत्ति लुटिएकाले ती सामान फिर्ता गर्न सर्वसाधारणलाई अनुरोध गरेको छ ।

प्रशासनले शुक्रबार एक सूचना जारी गरी लुटिएका सामग्रीसहित लुट्ने व्यक्तिका दृश्यहरू प्रहरीको सोधपुछ, सिसी क्यामेरा फुटेज र सामाजिक सञ्जालमार्फत पहिचान भइसकेकाले ती सामग्रीहरू तत् निकाय वा नजिकको प्रहरी इकाईमा बुझाइदिनुहुन अनुरोध गरेको हो । लुटपाटमा संलग्न व्यक्ति र सामग्रीहरू लुकाइएका स्थानसमेत पहिचान गर्ने काम भइरहेकाले लुटिएका सामग्री फिर्ता नगर्नेलाई कानुनी दायरामा ल्याइने प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माद्वारा जारी सूचनामा उल्लेख छ। यही भदौ २३ र २४ गतेको प्रदर्शनपछि विभिन्न सरकारी, अर्धसरकारी, निजी सम्पत्ति, व्यापारिक प्रतिष्ठान, होटल तथा राजनीतिक दलका कार्यालयहरूमा तोडफोड, आगजनी र लुटपाटका गतिविधि भएका प्रशासनले जनाएको छ। प्रशासनका अनुसार आन्दोलनका क्रममा सरकारी तथा अर्धसरकारी निकाय, निजी सम्पत्ति, व्यापारिक प्रतिष्ठान, राजनीतिक दलका कार्यालय तथा प्रहरी चौकीहरूबाट हातहतियार, सञ्चार उपकरण, फर्निचर, कम्प्युटर, ल्यापटप, मोबाइल, भाँडाकुँडालगायत सामग्री लुटपाट भएका छन् । जेनजी प्रदर्शनको क्रममा पोखराका सङ्घ, प्रदेश तथा स्थानीय सरकारका कार्यालयहरू, होटल तथा प्रहरी चौकीहरूमा आगजनी तथा तोडफोड र लुटपाट गरिएको थियो । यहाँका पाँच दर्जनभन्दा बढी कार्यालयमा आगजनी गरिएको छ ।

## पोखरामा ...

प्रशासनले जनाएको छ। पोखरामा गत भदौ २३ र २४ गते जेन-जी प्रदर्शनकारीको प्रदर्शनका कारण सार्वजनिक सम्पत्तिमा ठूलो क्षति पुगेको छ । यहाँका अधिकांश सरकारी कार्यालयमा आगजनी गरिएको छ। प्रशासनले थप क्षति हुन नदिनका लागि भदौ २४ देखि दिउँसो निषेधाज्ञा तथा रातको समयमा कर्फ्यू लगाउँदै आएको छ ।

सूचना हाम्रो अधिकारः
सुशासन र विकासको आधार

◆ सार्वजनिक निकायमा भएका सूचना माग्ने र पाउने हक प्रत्येक नागरिकलाई हुनेछ,
◆ सूचना माग भएमा उपलब्ध गराउने दायित्व प्रत्येक निकायका पदाधिकारीको हुनेछ,
◆ मागेको सूचना तोकिएको अवधिमा नपाएमा राष्ट्रिय सूचना आयोगमा उजुरी गर्न सकिनेछ,
◆ नागरिकको सूचना माग्ने, पाउने हकको संरक्षणर प्रवर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनाबाडीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कसरी थाहा पाउने छातीको दुखाई हृदयघातकै लक्षण हो ?

काशिराम गैरे
कन्सल्टेन्ट कार्डियोलोजिस्ट

**कसरी थाहा पाउने छातीको दुखाई हृदयघातकै लक्षण हो ?**



छाती दुख्ने समस्या अनेक कारणले हुनसक्छ । दुखाईको अनुभव पनि फरक फरक हुनसक्छ । कसैलाई छातीको बायाँ छेउमा दुख्छ, कसैलाई दायाँतिर दुख्छ । कहिले हल्का दुख्छ, कहिले सहनै नसक्ने गरी दुख्छ ।

दुखाईको स्थिती, मान्छेको स्वास्थ्य अवस्था वा आनीबानीलाई आधार मानेर यसको कारण पहिल्याउन सकिन्छ ।

जस्तो कतिपयलाई पेटमा ग्याँस भरिएर पनि छाती दुखेको महसुस हुन्छ । कतिलाई निमोनियाको कारण यस्तो हुन्छ । लगातार खोकीले पनि छाती दुख्छ । फोक्सोको संक्रमण, आहार नलीमा समस्या, हड्डी वा मांशपेशीको कारणले छाती दुख्छ । त्यसबाहेक केही गंभिर रोगहरुले पनि दुख्छ । जस्तो कि, हृदयघात । मुटुकै कारण छाती दुखेको हो वा अरु कारणले ? यसबारे छुट्याउन कठिन हुन्छ । अस्पताल पछि नै त्यसबारे टुंगो गर्न सकिन्छ । हामीले गंगालाल अस्पतालमा हेरेको बिरामीमध्ये धेरैमा हृदयघात देखिएको थियो, जो छाती दुखेको कारण अस्पताल आएका थिए । त्यसैले यदि छाती दुखेको छ भने हामीले मुटुको कारण हो वा होइन भनेर थाहा पाउनै पर्छ ।

**हृदयघात अचानक हुने जोखिम हो ।**

यद्यपि यसअघि केही सामान्य संकेत पाउन सकिन्छ । जस्तो सामान्य हिँडडुल गर्दा छाती दुख्नु, आरम गर्दा नदुख्नु, खलखल पसिना आउनु हृदयघातको लक्षण पनि हुनसक्छ । हुन त हृदयघातको लक्षण सबैमा एकनास नहुन सक्छ । मुटुको समस्या हुँदा छाती दुखाईको केही फरक अनुभव हुनसक्छ । जस्तो छाती दुख्ने वा भारीपन महसुस हुने, छाती दुखाईसँगै वान्ता हुने, अचानक पसिना आउने, सास फेर्नमा असहज हुने, मुटुको धड्कन अनियमित हुने । तर, लक्षण नै पर्खेर बस्नु उचित होइन । संभव भएसम्म छाती दुख्यो भने नजिकको स्वास्थ्य केन्द्रमा गएर जँचाउनु पर्छ । छाती दुख्नु हृदयघातको प्रमुख लक्षण हो । यसलाई खेलाँची नगरौं ।

**हृदयघातकै संकेत हो त ?**

यदि हृदयरोगको जोखिम बर्गमा कोही छन् भने उनीहरुले छाती दुख्नसाथ सजग हुनुपर्छ । खासगरी हृदयरोग भएका, उच्च रक्तचाप, मधुमेह, उच्च कोलेस्टोरोलको समस्या भएका, परिवारमा कसैलाई हृदयघात भएको इतिहास छ भने त्यस्ता व्यक्ति जोखिम बर्गमा हुन्छन् । धेरै चुरोटको धुँवा तान्ने, रक्सी पिउने व्यक्तिलाई पनि हृदयघातको जोखिम छ । त्यसो अन्य व्यक्ति यसबाट सुरक्षित छन् भन्ने होइन । जो कोहीलाई हृदयघात हुनसक्छ तर जोखिम कसैलाई बढी र कसैलाई कम हुनसक्छ । उमेरको आधारमा पनि हृदयघातको जोखिम देखिन्छ । जस्तो पुरुषको हकमा ४५ बर्ष वा सो भन्दा माथि उमेर छ भने उनीहरुलाई हृदयघातको जोखिम छ भने महिलाको हकमा ५५ बर्ष माथिलाई यस्तो जोखिम छ ।

**जाडो याम र हृदयघात**

अक्सर के देखिन्छ भने तुलनात्मक रुपमा जाडो याममा हृदयघातको घटना बढी हुन्छ । यसो हुनुमा जाडो वा चिसोको कारण रक्त प्रवाहमा आउनसक्ने अवरोध नै हो । जाडोमा मुटुको नली वा धमनी खुम्चने र साँघुरिने हुन्छ । यसले गर्दा रक्त प्रवाहमा अवरोध आउँछ र हृदयघातको जोखिम बढ्छ ।

**छाती दुख्नसाथ जँचाउनु पर्छ ?**

यदि तपाईं जोखिम बर्गमा पर्नुहुन्छ र छातीको दुखाई हृदयघातको लक्षणसँग मिल्दो छ भने अस्पताल वा चिकित्सकको सम्पर्कमा पुग्नैपर्छ । किनभने बाहिरबाट हेर्दा किन र कुन भागमा दुखेको भन्ने ठिम्याउन सकिदैन । यसका लागि सम्बन्धित चिकित्सकले जाँच गरेर मात्र थाहा हुन्छ । संभव भएसम्म कुनैपनि छाती दुखाई महसुस हुनसाथ चिकित्सकलाई जँचाउनु पर्छ । कतिपयले छाती दुखाईलाई अरु नै समस्या होला भनेर बेवास्ता गरिरहेका हुन्छन् । ग्याष्ट्रिकले वा चिसोले छाती दुखेको होला भनेर घरमै बस्छन् । यसले गर्दा उनीहरु थप जोखिममा पर्न सक्छन् । किनभने गंगालाल अस्पतालमा छाती दुखेर आउने बिरामीमध्ये अधिकांशमा हृदयघात देखिएका छन् ।

# सामान्य बन्दै पोखराको जनजीवन

**पोखरापत्र संवाददाता**
पोखरा, २७ भाद्र

जेनजीको प्रदर्शन मत्थर भएसँगै पोखराको जनजीवन सामान्य उन्मुख छ ।

शुक्रबारबिहानदेखि सवार साधनको चहलपहल बढेको छ । बजारमा किनमेल गर्नेको पनि चहलपहल देखिन्छ । बिहानको समयमा आवतजावत खुकुलो पारिएको कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले बताउनुभयो । "दिउँसोसम्मको परिस्थिति मूल्याकङ्न गरेर निषेधाज्ञा थप कडा गर्ने या सहज बनाउँदै जाने भन्ने निर्णय हुन्छ", उहाँले भन्नुभयो, "अहिले सुरक्षा व्यवस्था चुस्त र कडा तुल्याइएको छ ।" अत्यावश्यक कामका लागि आवतजावत गर्न बिहान र साँझपख निषेधाज्ञा खुकुलो पारिएको उहाँको भनाइ छ । पोखरा महानगरपालिकाभित्र रातको समयमा भने कर्फ्यु लगाइँदै आएको छ ।

जेनजीले यही भदौ २३ र २४ गते गरेको आन्दोलन उग्र बनेपछि पोखराका अधिकाँश सरकारी भवनमा आगजनी र तोडफोड भएको थियो ।

गण्डकी प्रदेशसभा भवनदेखि प्रदेश सरकारका मन्त्रालय, जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, पोखरा महानगरपालिका, वडा कार्यालयलगायत दर्जनौं सरकारी तथा निजी भवनमा आगजानीले ठूलो क्षति पुऱ्याएको छ ।

# पर्वत र बागलुङ जोड्न कालीगण्डकीमा नयाँ पुल बन्दै

**रासस**
हुम्ला, २७ भाद्र

पर्वत र बागलुङ जिल्ला जोड्नका लागि कालीगण्डकी नदीमाथि अग्लो र लामो झोलुङ्गे पुल निर्माण हुने भएको छ । कुश्माबजार र बागलुङको बलेवा जोड्ने गरी पाँचौँ पुल बन्न लागेको हो ।

कुश्माबजारस्थित वडा नं ५ मा रहेको आनन्द गुम्बादेखि बागलुङनगरपालिका–१४नारायणस्थानको कुकुरगाढे जोड्नका लागि ४१५ मिटर लामो पुल निर्माण सुरु भएको हो । यसअघि कुश्मा-कैया झोलुङ्गे पुल, कुश्मा-बलेवा यान्त्रिक पुल, कुश्मा-बलेवा बञ्जी जम्पको पुल र शिर्सुवा-कैया झोलुङ्गे पुल निर्माण भइसकेका छन् ।

बागलुङ नगरपालिका-१४ का वडाध्यक्ष चक्रबहादुर खत्रीका अनुसार २०८३ साल पुस मसान्तसम्ममा पुल निर्माण सक्ने गरी स्याङ्जाको जय नेपाल ईश्वर निर्माण सेवा प्रालिले गत असारमा नै ठेक्का सम्झौता गरिसकेको छ । पुलका लागि आधारभूत संरचना तयार गर्न तथा संरचना खडा गर्नका लागि व्यवस्थापन गर्नुपर्ने पूर्वतयारी बारेमा निर्माण कम्पनीले अध्ययन सकेकाले अब छिट्टै निर्माण सुरु हुने उहाँले बताउनुभयो ।

सङ्घीय सरकारबाट विनियोजन भएको रु पाँच करोड २६ लाख ८० हजार लागतमा उक्त पुल निर्माण हुने भएको हो । बागलुङको बलेवा, कैया, पैयुँपाटा तथा पर्वतको कुश्मातर्फको ठूलो क्षेत्रफलमा रहेको र यस अगाडि निर्माण भइसकेका पुलहरूबाट सबैले लाभ उठाउन नसकिरहेको बेलामा स्थानीय आवश्यकताको आधारमा जनप्रतिनिधिहरूको पहलमा पुल निर्माण हुन लागेको वडाध्यक्ष खत्रीले बताउनुभयो ।

पुलको नजिकमा ठूलो बस्तीको सम्भावना पनि रहेको तथा कालीगण्डकी कोरिडोरको तल्लो भूमिमा राम्रो समथर जमिन समेत रहेकोले पनि पुलले स्थानीयको आयस्रोत बढाउन पनि सहयोग गर्ने उहाँको विश्वास छ । "विशेष गरी बागलुङ नगरपालिका वडा नं १२, १३ र १४ को मध्य भागमा पर्ने, गाडीको गन्तव्य भएको, कुश्मा बजारको मध्य भागमा जाने भएकोले यो पुल निकै महत्वपूर्ण छ", स्थानीय कमल जिसीले भन्नुभयो, "प्रदेशसभा सदस्य डिल्लीराम सुवेदी तथा बागलुङ र कुश्मा नगरपालिकाका प्रमुखहरूको पहलमा निर्माण हुन लागेको पुलले दुई जिल्लालाई जोडेर सेवा लिन तथा व्यापार व्यवसाय सञ्चालन गर्न भनै सजिलो हुने भएको छ ।" अहिलेसम्म बलेवाबाट कुश्मा गन्तव्य बनाएर यान्त्रिक पुल तर्दा एकतर्फीको रु ८५ तिर्नुपर्छ भने बञ्जी पुलबाट दुईतर्फी यात्राका लागि रु १२० लाग्छ ।

# संविधानमार्फत युवाले उठाएका माग सम्बोधन गर्नुपर्छ : डा कोइराला

**पोखरापत्र संवाददाता**
पोखरा, २७ भाद्र

नेपाली काँग्रेसका पूर्वमहामन्त्री डा शशाङ्क कोइरालाले संविधानमार्फत युवाले उठाएका माग सम्बोधन गर्नुपर्ने बताउनुभएको छ ।

डा कोइरालाले बिहीबार एक विज्ञप्ति जारी गरी ' भ्रष्टाचार र बेथिति' विरुद्ध जेनजी पुस्ताका युवाले उठाएको आवाजप्रति आफ्नो पूर्ण समर्थन रहेको बताउनुभयो । "जहानिया राणा शासनदेखि नै नेपालको लोकतन्त्रका लागि सङ्घर्षरत परिवार र नेपाली काँग्रेसको सदस्यको नाताले, म हरेक आन्दोलनको जायज र न्यायोचित माग लोकतान्त्रिक विधि र प्रक्रियाअनुसार समाधान हुनुपर्नेमा दृढ विश्वास राख्दछु", उहाँले भन्नुभयो । डा कोइरालाले भदौ २३ र २४ गते भएको आन्दोलनका क्रममा ज्यान गुमाउनुभएका सबैको आत्मालाई श्रद्धाञ्जली अर्पण गर्दै, शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्नुभयो । उहाँले नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालगायतका पार्टीका नेता तथा कार्यकर्ताहरू, आन्दोलनकारी र सुरक्षाकर्मीमाथि भएको आक्रमणको निन्दा गर्दै सबै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ । पूर्वमहामन्त्री डा कोइरालाले सरकारी, सार्वजनिक सञ्चारगृह, उद्योग, व्यवसाय तथा कलकारखाना साथै निजी सम्पत्ति र भवनहरूमा भएको तोडफोड, लुटपाट र व्यक्तिगत आक्रमणजस्ता घटनाको विरोध गर्नुभएको छ । उहाँले आन्दोलनपश्चात मुलुकमा देखिएको राजनीतिक रिक्तता तत्काल भरिनुपर्ने आवश्यक रहेकाले यसका लागि देशभित्रका सबै पक्षबीच सहमति, सहकार्य र एकता कायम गरी संवैधानिक मार्गद्वारा शान्तिपूर्ण समाधान निकाल्नु आजको आवश्यकता भएको बताउनुभयो । यसतर्फ जेनजी युवाहरूको पूर्ण सकारात्मक भूमिका रहने विश्वाससमेत उहाँले व्यक्त गर्नुभएको छ । उहाँले जेनजीको 'भ्रष्टाचार र बेथिति' सम्बन्धी न्यायोचित मागहरू वर्तमान संविधानभित्रै रहेर समाधान गर्नुपर्ने बताउनुभयो । डा कोइरालाले ६५ वर्ष लामो राजनीतिक सङ्घर्ष, त्याग, तपस्या र बलिदानको परिणामस्वरूप नेपालमा पहिलोपटक जननिर्वाचित संविधानसभाबाट निर्मित संविधानअनुसार आगामी राजनीतिकयात्रा तय गर्नुपर्ने उल्लेख गर्नुभयो । संवैधानिक समाधानका लागि राष्ट्रपति रामचन्द्र पौडेलको पहल सराहनीय भएको र उक्त पहलमा सबैको साथ र समर्थन रहनेमा उहाँले विश्वास व्यक्त गर्नुभयो ।

# तनहुँमा दुई महिला मृत फेला, पहिचान खुलेन

**पोखरापत्र संवाददाता**
दमौली, २७ भाद्र

तनहुँमा बिहीबार दुई महिला मृतावस्थामा फेला परेका छन् । सेती नदी र बुल्दीखोलामा दुई महिला मृतावस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक अशोक थापाका अनुसार व्यास नगरपालिका-३ देउरालीनगरस्थित सेती नदीमा एक वृद्धाको शव फेलापरेको छ । नदी किनारमा अन्दाजी ५५-६० वर्षीया वृद्धाको शव फेलापरेको हो । स्थानीयवासीको सूचनाका आधारमा पुगेको प्रहरी टोलीले महिलाको शवको मुचुल्कासमेतको प्रारम्भिक कार्य गरी शव परीक्षणका लागि प्रदेश अस्पताल दमौलीमा राखिएको छ । शवको सनाखत गर्ने कार्यका लागि घरपरिवार तथा आफन्तका बारेमा स्थानीयवासीसँग बुझ्दा केही विवरण खुलेको छैन । त्यसैगरी, व्यास नगरपालिका-१ तालघरेस्थित बुल्दीखोलामा एक महिलाको शव फेलापरेको छ । डिहीगाउँ जाने पक्की पुलमुनि अन्दाजी ३०-३५ वर्षीया महिलाको शव फेलापरेको हो । पानीमा डुबिरहेको अवस्थामा फेला पारी तत्काल उद्धार गरी निजलाई उपचारका लागि प्रदेश अस्पताल दमौली लगिएकामा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । शव परीक्षणका लागि अस्पतालमा राखिएको र सनाखत हुन नसकेको प्रहरी नायब उपरीक्षक थापाले जानकारी दिनुभयो ।

# संविधान हातमा लिएर सडकमा उभिए पेसाकर्मी

**पोखरापत्र संवाददाता**
पोखरा, २७ भाद्र

मुलुकमा विद्यमान राजनीतिक सङ्कटको निकास संविधानभित्रैबाट खोज्नुपर्ने माग गर्दै शान्ति र लोकतन्त्रका लागि पेसागत सञ्जाल (पापड)ले गण्डकीका विभिन्न जिल्लामा मौन प्रदर्शन गरेको छ ।

नेपाल बार एसोसिएसन, नेपाल पत्रकार महासङ्घलगायत पेसागत सङ्गठनहरूको सहभागितामा बागलुङ, पर्वतलगायत जिल्लामा शुक्रबार मौन प्रदर्शन गरिएका हो । उक्त मौन प्रदर्शनमा सहभागी पेसाकर्मीले हातमा संविधानको पुस्तक र 'देश बचाऔँ, संविधान जोगाऔँ' लेखिएका 'प्लेकार्ड' बोकेका थिए । नेपाल पत्रकार महासङ्घ केन्द्रको निर्णयअनुसार राष्ट्र र संविधानको रक्षाका लागि मौन प्रदर्शन गरिएको नेपाल पत्रकार महासङ्घ बागलुङका सचिव नारायण रिजालले बताउनुभयो । उक्त प्रदर्शनमा अधिकांश कानुन व्यवसायी र पत्रकारको उपस्थिति थियो । मुलुकको पछिल्लो विकसित घटनाक्रमका सन्दर्भमा संवैधानिक प्रक्रियाबाट निकास निकाल्न माग गर्दै प्रदर्शन गरिएको उच्च अदालत बार एसोसिएसन बागलुङका अध्यक्ष गीता श्रीसले बताउनुभयो । 'पापड' केन्द्रको निर्णयअनुसार जिल्लामा थप कार्यक्रम तय हुने उहाँको भनाइ छ । यही भदौ २३ र २४ गते जेनजीको प्रदर्शनपछि उत्पन्न नयाँ राजनीतिक परिस्थितिमा अन्तरिम सरकार गठन प्रक्रिया संविधानभित्रबाट अगाडि बढाउनुपर्ने 'पापड'को माग छ ।

## 'संविधानको परिधिमा रहेर परिवर्तनका पक्षधरको माग सम्बोधन गर्नुपर्छ'

**रासस**
काठमाडौं, २७ भाद्र

पूर्वसभामुखद्वय अग्निप्रसाद सापकोटा र कृष्णबहादुर महराले नेपालको संविधानको परिधिमा रहेर परिवर्तनका पक्षधरका माग सम्बोधन गर्नुपर्नेमा जोड दिएका छन् ।

उहाँहरूले शुक्रबार संयुक्त रुपमा विज्ञप्ति जारी गर्दै भन्नुभएको छ, "ऐतिहासिक संविधानसभाबाट निर्माण गरिएको नेपालको संविधानको परिधिमा रहेर परिवर्तनका पक्षधरको मागलाई सम्बोधन गर्दै अग्रगमनको दिशातिर अगाडि बढ्नुपर्दछ, राष्ट्रपतिबाट भइरहेको पहल स्वागतयोग्य छ, सङ्घीय संसद्बाट तत्काल आवश्यक कानुन निर्माण गरी मुलुकलाई नयाँ जनादेशमा लैजाने मार्ग वैधानिक र उपयुक्त विधि हुनेछ ।"

# श्रमदानबाट सडक मर्मत

**रासस**
म्याग्दी, २७ भाद्र



अन्नपूर्ण गाउँपालिका-८ राम्चेका बासिन्दाले श्रमदान गरेर सडक मर्मत गरेका छन् । नागी-राम्चे सडकको थावनगाउँ नजिकै छहरेखण्डमा गत असारको तेस्रो साता पहिरोले भत्काएको सडक स्थानीयवासीले श्रमदान गरेर मर्मत गरी यातायात सञ्चालन गरेका हुन् ।

राम्चेका बासिन्दा फसबहादुर गर्बुजाले बिहीबार करिब ७५ जनाले श्रमदान गरेर सडक मर्मत गरेका जानकारी दिनुभयो । "करिब दुई महिनादेखि नागी-राम्चे सडक अवरुद्ध हुँदा स्थानीयवासीलाई आवतजावतका साथै आलुलगायत कृषि उपज बजार पठाउन समस्या भएको थियो", उहाँले भन्नुभयो, "सरकारी निकायको आश गर्दा ढिलाइ हुने भएकाले राम्चेका सबै घरबाट एक-एक जनाले श्रमदान गरेर सडक खुलाएका हौं", बिहीबार दिनभर श्रमदान गरेका थिए । पहिरोसँगै भासिएको करिब सात मिटर दूरीको सडकमा जगदेखि नै पर्खाल निर्माण गरेर जिप, ट्याक्टर र मोटरसाइकल वारपार गर्न मिल्ने बनाएको गर्बुजाले बताउनुभयो । अन्नपूर्ण गाउँपालिका-७ महभिरदेखि हिस्तान-काफलडाँडा हुँदै राम्चे जोड्नेसडकघुमाउँरोजोखिमयुक्त भएकाले राम्चेवासीले सदरमुकाम बेनी आवतजावत गर्न नागी-लेकफाँट-मल्लाज-बेनी सडक प्रयोग गर्छन् । अन्नपूर्ण गाउँपालिका-८ को कार्यालय राम्चेमा छ । राम्चे आलुको पकेट क्षेत्र हो ।

सडक अवरुद्ध हुँदा नागीका बासिन्दालाई राम्चेमा रहेको वडा कार्यालय र स्वास्थ्यचौकीको सेवा लिन आवतजावत गर्न समस्या भएको थियो । सडक अवरुद्ध भएपछि समस्यामा परेका नागीमा रहेको हिमाञ्चल माविमा पढ्ने राम्चे, काफलडाँडाका विद्यार्थीलाई पनि सहज भएको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : आर्थिक समस्या |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# नवनिर्माण र पुनःनिर्माणमा जुट्न निजी क्षेत्रद्वारा अपिल

**रासस**
काठमाडौं, २७ भाद्र

'जेन-जी' आन्दोलनका क्रममा देशभर भएको जनधनको क्षतिप्रति निजी क्षेत्रका छाता संस्थाहरूले दुःख व्यक्त गर्दै तत्काल नवनिर्माण र पुनःनिर्माणमा जुट्न सार्वजनिक अपिल गरेका छन् ।

नेपाल उद्योग वाणिज्य महासङ्घले शुक्रबार विज्ञप्ति जारी गर्दै आन्दोलनका क्रममा भएका आगजनी तथा तोडफोडबाट अपूरणीय क्षति भएकामा दुःख व्यक्त गरेको छ । महासङ्घले निर्वाध पेसा-व्यवसाय सञ्चालनका लागि आवश्यक सुरक्षा माग गर्दै निजी क्षेत्रले बजारमा उपयोग्य वस्तुको अभाव हुन नदिन व्यवसायीलाई आग्रहसमेत गरेको छ ।

"उद्योग, प्रतिष्ठान, कार्यालय एवं निवासमा समेत तोडफोड एवं आगजनीका घटना भएका छन् । यसरी व्यक्तिगत एवं व्यावसायिक सम्पत्तिमाथि भएका तोडफोडका घटनाको महासङ्घ भर्त्सना गर्दछ । साथै महासङ्घ व्यावसायिक एवं व्यक्तिगत सम्पत्तिमाथि आगामी दिनमा आक्रमण नहुने सुनिश्चितताका लागि सबैको ध्यानाकर्षण गराउन चाहन्छ", विज्ञप्तिमा भनिएको छ, "उद्योग व्यवसाय प्रतिष्ठानमा मुलुकभर नै अर्बौं रुपैयाँ बराबरको क्षति भएको छ । यसबारे महासङ्घले थप विवरण सङ्कलन गरिरहेको भएता पनि क्षतिका कारण राजस्व र कुल गार्हस्थ्य उत्पादनमै गम्भीर असर पर्ने प्रारम्भिक आकलन गरिएको छ ।"

देशको समुन्नतिका लागि अन्यौल अन्त्य भएर सुशासन कायम गर्ने कार्यमा समन्वय एवं सहकार्य गर्न निजी क्षेत्र तयार रहेको पनि महासङ्घले जनाएको छ । उद्यम व्यवसाय सञ्चालनका लागि सुरक्षाको प्रत्याभूति गरिनुपर्ने उहाँको भनाइ छ । "नवनिर्माण एवं पुनःनिर्माणका लागि आगामी दिनमा आवश्यक पर्ने बजेटको मुख्य स्रोत निजी क्षेत्र रहेको हुँदा उद्यम व्यवसायको निर्वाध सञ्चालन गर्न आवश्यक शान्तिसुरक्षाको व्यवस्थाका लागि महासङ्घ आग्रह गर्दछ", विज्ञप्तिमा भनिएको छ,"निजी क्षेत्रका गतिविधि निर्बाध रूपमा सञ्चालन हुन नसकेमा अर्थतन्त्रमा थप समस्या हुने र आगामी दिनमा राजस्वमा समेत नकारात्मक प्रभाव पर्न जानेछ ।" निषेधाज्ञा एवं कर्फ्यूका समयमा अत्यावश्क सेवा तथा पेसाकर्मीको आवतजावत एवं औषधि, खाद्यान्न, दूध, पानी फलफूल तरकारी, पेट्रोलियम पदार्थ आदिको ओसारपसार सहजीकरणका लागि पनि महासङ्घले आग्रह गरेको छ । यसैगरी, गुणस्तरीय सामानको नियमित आपूर्ति गरी बजारमा अभाव सिर्जना हुन नदिनेतर्फ देशैभरका उद्यमी व्यवसायीलाई अपिल गरिएको छ । अत्यावश्यक सामान आयात-निर्यातका लागि भन्सार नाकामा सुरक्षा दिई पुनः सञ्चालन गर्ने वातावरण निर्माणका लागि पनि महासङ्घले आग्रह गरेको छ ।

यस्तै, नेपाल चेम्बर अफ कमर्सले बिहीबार प्रेस विज्ञप्तिमार्फत आन्दोलनका क्रममा औद्योगिक र व्यावसायिक क्षेत्रमा गम्भीर क्षति भएको जनाउँदै वर्तमान चुनौतीपूर्ण परिस्थितिमा संवाद, सहकार्य र संयमता अपनाउन सरोकार भएका निकायको ध्यानाकर्षण गराएको छ । भ्रष्टाचार निवारण, सुशासन कायम, राज्य संयन्त्रको पारदर्शिता, रोजगारी सिर्जना र सरकारी सेवामा नागरिकको सहज पहुँच जस्ता 'जेनजी'ले उठाएका विषयलाई सबै सरोकार भएकाले गम्भीरतापूर्वक लिनुपर्ने चेम्बरले अवश्यकता औंल्याएको छ । "आन्दोलनका क्रममा भएको जनधनको क्षतिले देशमा थप निराशा फैलाउने, औद्योगिक तथा व्यावसायिक वातावरण खल्बल्याउने र लगानीमैत्री वातावरणमा प्रतिकूल असर पार्ने भएकाले सबै सरोकारवाला पक्ष संयमित बनेर निकास खोज्नुपर्ने आवश्यकता छ", विज्ञप्तिम उल्लेख छ,"आगामी दिनमा यस्ता खाले घटना दोहोरिन नदिन सरोकार भएका पक्ष र जेनजी पुस्ताका युवाहरूलाई संवाद र रचनात्मक सहकार्यमार्फत दीर्घकालीन समाधान खोज्न हामी आह्वान गर्दछौं । साथै, मुलुकको समग्र विकासमा सबै पक्षको सक्रिय सहभागिता पनि अपरिहार्य छ ।"

यस्तै, नेपाल ट्रक यातायात व्यवसायी महासङ्घले प्रेस विज्ञप्ति जारी गर्दै विगत केही दिनदेखि मुलुकभर यातायात ठप्प हुँदा दैनिक उपभोग्य सामग्री, कच्चापदार्थ, औद्योगिक उत्पादनदेखि औषधि आपूर्तिसमेत गम्भीर रूपमा प्रभावित भएको जनाएको छ । यसले व्यवसायी, चालक, सहचालक र मजदुरहरूको जीविकामा सङ्कट ल्याएको र नागरिक असाधारण कठिनाइमा परेको पनि महासङ्घले जनाएको छ । यातायात व्यवसायीलाई राज्यले पूर्ण कानुनी सुरक्षा दिनुपर्ने मागसमेत गरिएको छ ।


बेनीकोटको सुन्तलाबारी :
तनहुँको व्यास नगरपालिका-१३ बेनीकोटमा रहेको सुन्तलाबारी । यहाँका कृषकले वार्षिक रुपमा सुन्तलाखेतीबाट मनग्य आम्दानी गर्दै आएका छन् । तस्बिरः कृष्ण न्यौपाने/रासस

# विधिको शासन र संविधानवादबाट बाहिर जानु हुँदैनः सभामुख/अध्यक्ष

**रासस**
काठमाडौं, २७ भाद्र

प्रतिनिधिसभाका सभामुख देजराज घिमिरे र राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले सरकार निर्माणका क्रममा विधिको शासन र संविधानवादबाट बाहिर जान नहुने बताउनुभएको छ । उहाँहरूले शुक्रबार संयुक्त वक्तव्य जारी गरी आन्दोलनरत पक्षका माग सम्बोधन गर्दै अझ उन्नत, समृद्ध र बलियो लोकतन्त्रका लागि प्रतिबद्ध हुन सबैलाई अपिल गर्नुभएको छ ।

सभामुख घिमिरे र अध्यक्ष दाहालले वक्तव्यमार्फत देशमा विद्यमान विषम परिस्थितिमा जनतामा निहित सार्वभौमसत्ता, नागरिक स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र स्वाधीनतालाई शिरोपर गर्दै संवैधानिक प्रक्रियाबाटै निकास दिन राष्ट्रपति रामचन्द्र पौडेलले पहल गरिरहनुभएको जानकारी गराउनुभएको छ ।

वक्तव्यमा भनिएको छ, ' यही भदौ २३ र २४ गते भएको जेन-जीको आन्दोलनका क्रममा भएको जनधनको क्षतिले हामीलाई स्तब्ध बनाएको छ, आन्दोलनको क्रममा ज्यान गुमाउनु हुने सबैप्रति हार्दिक श्रद्धाञ्जलि तथा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।' आन्दोलनका क्रममा घाइते हुनुभएका सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उहाँहरूले उपचारमा कुनै कमी हुन नदिन राज्यका सम्बन्धित संयन्त्रहरूलाई आग्रह गर्नुभएको छ । यही भदौ २४ गते बानेश्वरस्थित सङ्घीय संसद् भवन, सिंहदरबारस्थित सङ्घीय संसद् सचिवालयलगायत विभिन्न सरकारी कार्यालय, सरकारी तथा निजी आवास, सञ्चार गृह, व्यापारिक प्रतिष्ठान एवम् सार्वजनिक सम्पत्ति तथा ऐतिहासिक दस्तावेज नष्ट हुनेगरी भएको आगजनी र तोडफोडले मर्माहत बनाएको सभामुख र अध्यक्षको भनाइ छ ।

# अस्पतालमा मृत्यु हुनेको सङ्ख्या ३६ पुग्यो

**रासस**
काठमाडौं, २७ भाद्र

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'जेनजी' प्रदर्शनका क्रममा भएका विभिन्न घटनाका क्रममा ३६ जनाको मृत्यु भएको जनाएको छ ।

मन्त्रालयका सचिव डा विकास देवकोटाले देशभरिका अस्पतालबाट प्राप्त गरेको विवरणअनुसार हालसम्म ३६ जनाको मृत्यु भएको जानकारी दिनुभयो । उहाँका अनुसार हाल देशभरिका विभिन्न ५२ अस्पतालमा २८४ जना घाइतेको उपचार भइरहेको र समग्रमा एक हजार ७७१ जना घाइतेको उपचार गरिएको उहाँले बताउनुभयो । घाइतेको अस्पतालले निःशुल्क उपचार गरिरहेका छन् । सचिव डा देवकोटाका अनुसार हाल निजामती कर्मचारी अस्पतालमा २३, ट्रमा सेन्टरमा ३२, त्रिवि शिक्षण अस्पतालमा २५ र काठमाडौं मेडिकल कलेज ३५, नेपाल पुलिस अस्पतालमा २८, झापाको बिएन्डसी अस्पतालमा ५३ जनाको उपचार भइरहेको छ । यस्तै, प्रदर्शनका क्रममा घाइते भएका एक हजार ३७९ जना बिरामी उपचारपश्चात् घर फर्किसकेका छन् ।

# साफ यु-१७ च्याम्पियनसिप फुटबल खेल्न नेपाली टोली श्रीलंका जाने

**रासस**
काठमाडौं, २७ भाद्र

दक्षिण एसियाली फुटबल महासंघ (साफ) यु-१७ च्याम्पियनसिप फुटबल प्रतियोगितामा सहभागी हुन नेपाली टोली श्रीलंका जाने भएको छ ।

अखिल नेपाल फुटबल संघ (एन्फा)द्वारा शुक्रबार यहाँ आयोजित एक कार्यक्रममा नेपाली टोलीलाई सफलताको शुभकामना दिँदै बिदाइ गऱ्यो । टोली भोलि श्रीलंकाको राजधानी कोलम्बो प्रस्थान गर्नेछ ।

प्रतियोगिता आगामी सेप्टेम्बर १५ देखि २७ तारिखसम्म हुँदैछ । समूह 'ए' मा रहेको नेपालले सेप्टेम्बर १५ मा श्रीलंकासँग खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ भने सेप्टेम्बर १८ तारिखमा बंगलादेशको सामना गर्नेछ । समूह 'बी' मा भारत, माल्दिभ्स, पाकिस्तान र भुटान छन् ।

नेपाली टोलीको गोलकिपरमा पेम्बानुर्बु भोटे, राम बोहरा र विशेष बानियाँ छन् । त्यसैगरी रक्षकमा प्रशान्त मोक्तान, दीपेन कार्की, धिरज रावल, आदित्य रानामगर, भुवन कामी, अनमोल कार्की, मौसम रोकाया र अनोज खड्का छन् ।

यसैगरी मिडफिल्डरमा प्रशान्त मेन्याङ्बो, राम थामी, कृष्ट भण्डारी, प्रतिश थापामगर, भुपेश लामा, नसिब हेन्जन, सुशन मगर र सुजन स्याङ्तान छन् भने फरवार्डमा समीर कुमार, दिगविजय शाही, निसकुमार श्रेष्ठ र रोहित श्रेष्ठ छन् ।

# काठमाडौं उपत्यकाको जनजीवन सामान्य बन्दै

**रासस**
काठमाडौं, २७ भाद्र

'जेनजी' आन्दोलनपछि शान्तिसुरक्षा असहज हुँदा असामान्य बनेको काठमाडौं उपत्यकाको जनजीवन सामान्य बन्दैगएको छ। शान्तिसुव्यवस्था कायम गर्ने सिलसिलामा अझै पनि निश्चित समय निषेधाज्ञा र कर्फ्यु कायम रहे पनि बिहान र बेलुकाको समयमा दैनिक जनजीवन सामान्य बन्दै गएको छ ।

यससँगै सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, व्यापार व्यवसाय खुल्दै गएका छन् । सडकमा अत्यावश्यक सेवाका अतिरिक्त चारपाङ्ग्रे र दुईपाङ्ग्रे सरकारी, निजी सवारीसाधन निर्वाध रूपमा गुड्न थालेका छन् ।

चोकचोकमा सेनासहितका सुरक्षा निकायका गस्तीले पनि नागरिकलाई सुरक्षाको प्रत्याभूति गरेकाले जनजीवन सहज बन्न पुगको हो । आन्दोलनका क्रममा विस्थापित भएका प्रहरी कार्यालयबाट सेवा प्रवाह सुरु भएको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिनुभयो ।

खासगरी काठमाडौंको सहरी इलाकामा बिहान सबेरै दैनिक उपभोग्य सामग्री किनमेलका लागि भीड जस्तै देखिन्थ्यो । व्यवसायीले कालीमाटी, बल्खु, माछापोखरी, लगनखेलगायत क्षेत्रमा पुगेर तरकारी तथा फलफूल र दुग्धजन्य पदार्थ सङ्कलन गरी बिक्री गरेका थिए ।

आन्दोलनका क्रममा आगजनी र तोडफोड भएका भवन तथा संरचनाको सरसफाइ, फोहर व्यवस्थापन कार्य तदारुकताका साथ अघि बढेका छन् । सिंहदरबारभित्रका मन्त्रालय तथा कार्यालयका कर्मचारी पनि सेवा प्रवाहमा सहजीकरण ल्याउन र दैनिक कामकाज गर्ने वातावरण बनाउन खटिएका छन् ।

सडकमा भेटिएका प्रायःजसोले आन्दोलनको क्षतिको कुरा गरिरहँदा पुरातात्विक महत्त्वको प्रमुख राजनीतिक-प्रशासनिक केन्द्र सिंहदरबार जलेकामा चिन्ता र दुःखेसो पोखेको सुनिन्थ्यो । आगजनीबाट नष्ट भएको संसद् भवन, सिंहदरबार तथा व्यावसायिक भवनमा भएको क्षति अवलोकन गर्न घुइँचो देखिन्थ्यो ।

आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीमा प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, अर्थ, शिक्षा, विज्ञान तथा प्रविधि, सङ्घीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसङ्ख्या, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पनि सरसफाइको काम भइरहेको देखिन्छ ।

# जेन-जी आन्दोलनमा तनहुँमा ७८ सवारी, ३१ भौतिक संरचनामा क्षति

**पोखरापत्र संवाददाता**
दमौली, २७ भाद्र

जेनजी आन्दोलनका क्रममा तनहुँमा ७८ सवारीसाधन र ३१ भौतिक संरचनामा क्षति पुगेको छ। जिल्ला प्रहरी कार्यालय तनहुँले सङ्कलन गरेको विवरणअनुसार निजी तथा सरकारी सवारीसाधन र भौतिक संरचनामा क्षति पुगेको जनाइएको छ ।

जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक अशोक थापाले सवारीसाधन र भौतिक संरचनातर्फ पूर्ण, आंशिक र सामान्य रूपमा क्षति भएको बताउनुभयो । प्रनाउ थापाका अनुसार दुईपाङ्ग्रे ३८ सवारीसाधन पूर्ण, १० आंशिक र दुई सामान्य क्षति भएका छन् । चारपाङ्ग्रे १७ पूर्ण र ११ आंशिक क्षति भएका छन् । सरकारी सवारीसाधन दुईपाङ्गेतर्फ ३४ पूर्ण, तीन आंशिक र एक सामान्य क्षति भएका छन् ।

निजीतर्फ चार पूर्ण, सात आंशिक र एक सामान्य क्षति भएका छन् । सरकारी सवारीसाधन चारपाङ्ग्रेतर्फ १७ पूर्ण, ११ आंशिक क्षति भएका छन् ।

भौतिक संरचनामा सरकारी कार्यालयतर्फ चार पूर्ण, १७ आंशिक र एक सामान्य क्षति भएका छन् भने व्यक्तिगततर्फ नौ वटा आंशिक क्षति पुगेको प्रनाउ थापाले जानकारी दिनुभयो ।

यही भदौ २४ गतेको आन्दोलनका क्रममा जिल्ला प्रशासन कार्यालय तनहुं, जिल्ला अदालत तनहुँ, जिल्ला समन्वय समिति, व्यास नगरपालिका, मालपोत कार्यालय, आन्तरिक राजस्व कार्यालय, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय, डिभिजन वन कार्यालयका भवन र सवारीसाधन तोडफोड र आगजनी गरिएको थियो । त्यसैगरी नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्रको कार्यालयमा आगजनी र तोडफोड भएको थियो ।

# प्रजातान्त्रिक प्रक्रियाबाट शान्ति कायम गर्न अमेरिकी सिनेटरहरूको आग्रह

**रासस**
काठमाडौं, २७ भाद्र

नेपालमा विकसित भएको घटनाबारे अमेरिकाको वैदेशिक मामिलासम्बन्धी कमिटीका सिनेटरहरूले प्रजातान्त्रिक प्रक्रियाबाट शान्ति कायम गर्न आग्रह गर्नुभएको छ ।

सिनेटरहरू जिन शहिन र क्रिस भ्यान होलेनले बिहीबार विज्ञप्ति जारी गर्दै भन्नुभएको छ, "हालै नेपालमा भएको हिंसा, मानवीय क्षति र आगजनी अस्वीकार्य छ र हामीहरू पीडित र उनीहरूको परिवारजनप्रति गहिरो सहानुभूति व्यक्त गर्दछौं ।"

नागरिकहरूको विरुद्ध चर्को दमन गर्नेहरूलाई उत्तरदायी बनाउन अपिल गर्दै विज्ञप्तिमा भनिएको छ, "नेपालले विगत दुई दशकमा प्रजातान्त्रिक अभ्यासको महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ, नागरिकको कडा योगदानले प्राप्त उपलब्धिहरूको रक्षा गर्नु वाञ्छनीय रहेको छ ।"

शान्ति, पूर्ण प्रजातान्त्रिक र गतिशील नेपाल नै नेपाली, अमेरिका र यस क्षेत्रको चासोको विषय भएको उल्लेख गर्दै विज्ञप्तिमा नागरिकको विश्वास जित्नका लागि भ्रष्टाचार नियन्त्रण र संस्थागत कमजोरीलाई नेपाल सरकारले सम्बोधन गर्ने विश्वास गरिएको छ ।

# उच्च मनोबलका साथ कार्य क्षेत्रमा खटिन प्रहरीलाई महानिरीक्षकको आग्रह

**रासस**
काठमाडौं, २७ भाद्र

प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङले यो विषम परिस्थितिमा हिजोको भन्दा उच्च मनोबलका साथ कार्य क्षेत्रमा खटिन प्रहरी कर्मचारीलाई निर्देशन दिनुभएको छ ।

जेनजी आन्दोलनपछि पहिलोपटक भिडियो सन्देशमार्फत निर्देशन दिँदै महानिरीक्षक खापुङले पीडाको क्षणमा युगीन जिम्मेवारीमा नियमित प्रहरी कार्यमा हिजोको भन्दा पनि उच्च मनोबलका साथ जुट्न प्रहरी कर्मचारीलाई अनुरोध गर्नुभएको छ । उहाँले सुखदुःखमा महानिरीक्षक साथमा रहेको विश्वास दिलाउनुभएको छ। उहाँले भन्नुभएको छ, "दुःखद घटनाबाट पाठ सिकेर पुनः जिम्मेवारीका साथ कर्तव्यमा परिचालित गर्दा हाम्रो निष्ठामा कुनै कमि नआओस्, प्रहरी सङ्गठनको गरिमालाई अझै उँचो बनाउन निर्देशन गर्दछु ।" दशकौंदेखि आपत्‌विपत्‌मा नेपाल प्रहरीले आफ्नो जिम्मेवारी निभाउँदै आएको उल्लेख गर्दै महानिरीक्षक खापुङले विषम परिस्थितिमा सबैबाट प्रदर्शन भएको संयमतालाई धन्यवाद दिनुभएको छ । यो कठिन समयमा व्यावसायिक निष्ठा र कर्तव्यपरायणले नागरिकको जीवनयापन सहज हुने पनि उहाँले ध्यानाकर्षण गराउनुभएको छ । उहाँले जेनजी आन्दोलनमा प्रहरीसहितका मृतकप्रति श्रद्धाञ्जलि दिँदै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ । उहाँले मृतकका परिवारप्रति समवेदना प्रकट गर्नुभएको छ ।